# १८. श्री फणीन्द्रराज खेताला

*[संवत् २०६२ साल आश्विन १८ गते रोज ४ का दिन आयोजित समारोहमा "आधा शताब्दीभन्दा अघिदेखि नेपाली भाषा शिक्षणमा अनवरत रूपमा साहित्य सेवामा लागी नेपाली भाषामा उल्लेख्य योगदान गरिरहेबापत" प्रदान गरिएको संवत् २०६१ सालको पुरस्कार 'जगदम्बा-श्री' ग्रहण गरेपछि श्री फणीन्द्रराज खेतालाले व्यक्त गर्नुभएको उद्गार । यो उद्गार 'नेपाली' त्रैमासिक अङ्क १८४ बाट उद्धृत गरिएको हो ।]*

आदरणीय अध्यक्षज्यू एवं उपस्थित महानुभाव !

मदन पुरस्कार गुठीले "विगत आधा शताब्दीभन्दा अघिदेखि नेपाली भाषा शिक्षणका साथै अनवरतरूपमा साहित्यसेवामा लागी नेपाली भाषामा उल्लेख्य योगदान गरेबापत" भनी संवत् २०६१ सालको पुरस्कार 'जगदम्बा-श्री' प्रदान गरेर यो चौरासी वर्षको वयमा ममाथि जुन गह्रौं भारी बोकाएको छ, सके पनि नसके पनि आफ्नो काँधमा बोकेर, लौराको भरमा अगाडि बढ्दै भाषासेवामै लागिरहने विश्वास दिलाउँछु । यति गह्रौं भारी बोकाएकोमा गुठीलाई हार्दिक धन्यवाद पनि दिन्छु ।

अब म आफ्नो कुरा राख्छु । आफूले कलम कोर्न थालेदेखि अहिलेसम्म पनि कुनै दिन मैले आफूलाई साहित्यकारको रूपमा हेरेको र देखेको छैन । म स्वान्त सुखायको उद्देश्य लिएर लेख्ने गर्थें । कविताबाट नाटक, कथा, एकाङ्की हुँदै निबन्ध एवं संस्मरणसम्म आइपुग्दा मलाई हाल असी वर्षमा प्रवेश गरेपछि, उनासी वर्षसम्म आफ्नो जीवनमा घटेका घटनातिर फर्केर हेर्न मन लागेर जीवनी लेख्ने धुनमा लागेको छु । तर आफैंमा यो मेरो धृष्टता जस्तो लाग्दै छ । अस्तु ।

मेरो अन्तरमुखी स्वभाव र अक्सर बाहिर प्रचारमा आउन नखोज्ने बानीले गर्दा अझै विभिन्न विधाका अन्दाजी एक दर्जनभन्दा बढी पुस्तक पाण्डुलिपिमै थन्किएका छन् । समय आउला भन्ने सोचमा संरक्षणचाहिँ दिएको छु । कसैकसैले मलाई जिद्दी र घमन्डी एवं रूखो स्वभावको ठान्छन् तर म त्यस्तो नभएर स्वाभिमानी एवं आफूमाथि विश्वास राख्ने खालको भएकाले सकेसम्म प्रकाशनको लागि हात जोर्दिनँ ।

पुरस्कार व्यक्तित्व, कर्म र कर्तव्य एवं सिर्जनालाई हेरेर, त्यसको उपयोगिता बुझेर र सेवाको कदरस्वरूप प्रदान गरिने कुरा हो, मागेर लिने वा पाइने कुरा होइन। त्यसको गरिमा र विशेषता आफ्नै खालको हुन्छ । त्यस्तै गरिमा बोकेको जगदम्बा-श्री पुरस्कारको लागि मजस्तो लुकुवा व्यक्ति कसरी खोजिएँ, आश्चर्यमा छु। तर पनि यो पुरस्कारले जुन कुरा मबाट खोजेको छ, आफ्नो जीवनको बाँकी समय यही साधनामा नै लगाउने विश्वास दिलाउँछु।

धन्यवाद !

☒ ☒ ☒